आज मिति २०७८/०१/२९ गते बुधबारका दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्‌को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिग बहादुर कार्की | - सदस्य |
| अनुसन्धान अधिकृत | - श्री श्रीभजन राय | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| बरिष्ठ जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

## विशेष आमन्त्रित

माननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री उज्वल बराल, सभापती, नेपाली कांग्रेस

श्री दीर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी, केन्द्रिय सदस्य

श्री शुक्र बहादुर विशंखे, राष्ट्रिय प्रजातन्त्र पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री अमरेश चन्द्र कौंडा, उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री कृष्णहरि घिमिरे, अध्यक्ष, नेपाल पत्रकार महासंघ

श्री खेट राज अधिकारी, गैरसरकारी संस्था महासंघ, सिन्धुली

श्री दुर्गा पौडेल, रिलिफ नेपाल

श्री दिपक घिमिरे, सिड्स नेपाल

श्री खुशराज पौडेल रिलिफ नेपाल

निर्णयहरुः

१. सिन्धुली अस्पतालले कोभिड-१९ रोग नियन्त्रण गर्न हरदम प्रयत्न गरिरहेको छ । विरामीहरुको उपचारलाई सहज र थप व्यवस्थित बनाउनको लागि मिति २०७८/०१/२९ गतेको पत्र मार्फत केही उपचार सामग्री लगायत अन्य सामग्री माग गरेको हुँदा उक्त सामग्री उपलब्ध गराई सहयोग गरिदिनका लागि रिलिफ नेपाल, सिड्स नेपाल लगायत अन्य जिल्ला स्थित अन्तराष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरु र अन्य सरोकारवाला नियकायहरुलाई अनुरोध गर्ने ।

२. सिन्धुली अस्पतालद्वारा संचालित कोभिड अस्पतालमा कोभिड विरामीहरुको संख्या बढीरहेकोले मिति २०७८/०१/२९ गतेको पत्र मार्फत एक वटा सुरक्षा पोष्ट स्थापना गरिदिन अनुरोध भई आएकोले कोभिड अस्पतालमा एकवटा सुरक्षा पोष्ट स्थापना गर्न जिल्ला स्थित सुरक्षा निकायलाई अनुरोध गर्ने ।

३. सिन्धुली जिल्लाको कमलामाई नगरपालिका क्षेत्र भित्र मिति २०७८/०१/२२ गते रातको १२:०० बजेबाट निषेधाज्ञा लागू गरिएकोमा आज राती १२:०० बजेबाट समाप्त हुने साथै मिति २०७८/०१/२८ गते सम्म जिल्लाको कुल संक्रमित संख्या ३७१ र ८ जनाको मृत्यु भइ स्थिति असहज हुँदै गएको परिस्थितिलाई मध्यनजर गरी मिति २०७८/०१/२९ गते राती १२:०० बजे देखि मिति २०७८/०२/०८ गते राती १२:०० बजेसम्म सिन्धुली जिल्लाभर निषेधाज्ञा जारी गर्न सिफारिसं गर्ने ।

४. कोभिड-१९ उपचारमा सहजता ल्याउनका लागि अक्सिजन सिलिण्डरको आवश्यकतालाई मध्यनजर गरी वर्ल्ड भिजन इन्टरनेशनल, TDH German को सहयोगमा रिलिफ नेपाल मार्फत मिति २०७८/०१/१८ गते १९ वटा र आज थप ४५ वटा गरी जम्मा ६४ वटा अक्सिजन सिलिण्डर जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रलाई हस्तान्तरण गरेकोमा १५ वटा सिन्धुली अस्पताल र ४ वटा दुधौली नगरपालिकालाई हस्तान्तरण भैसकेकोले सहयोगी संस्थाहरुलाई धन्यबाद व्यक्त गर्दै आगामी दिनमा पनि यस्तो विपद्को समयमा सहयोग प्राप्त भइरहने अपेक्षा गर्दछौं ।

५. जिल्लाका प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुमा कोभिडका विरामीहरु बढ्दै गएको र उपचारका लागि अक्सिजन सिलिण्डरको आवश्यकता भएको भनि धेरै स्थानीय तहहरुले लिखित र

मौखिक रुपमा अनुरोध गर्नु भएकोले जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रमा प्राप्त भएका **अक्सिजन** सिलिण्डरलाई निम्नानुसार सहयोग गर्ने ।

१. हरिहरपुरगढी गाउँपालिका - ५ (पाँच)

२. मरिण गाउँपालिका - ६ (छ)

३. घ्याङ्लेख गाउँपालिका - ५ (पाँच)

४. तीनपाटन गाउँपालिका - ८ (आठ)

५. फिक्कल गाउँपालिका - ५ (पाँच)

६. गोलन्जोर गाउँपालिका - ५ (पाँच)

७. दुधौली नगरपालिका - ६ (छ)